नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०६-०६ गते बिहान ०७ बजे)**

**आज असोज ६ गते रातीबाट देशका सबै नदीमा बहाव बढ्ने र असोज ७ ,८ ,९ र १० गते देशैभरका नदीमा बहाव उच्च हुने (सतर्कता तलै हुने भएपनि सामान्य अबस्थाबाट एक्कासी बढ्ने) पूर्वानुमान रहेकोले असोज ११ गते सम्म नदीतटिय क्षेत्रका कृयाकलाप नगर्न वा गर्नुपरेमा अति उच्च सतर्कता अपनाउन हुन अनुरोध छ।**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली महाकाली र यसका सहायक नदीमा बहाब सामान्य बढ्दो अवस्थामा छ र सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असोज-०६ (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी ,नारायणी ,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। तर कन्काई, बागमती, तिनाउ, बाणगंगा, पश्चिम राप्ती, बबईका केही स-साना सहायक नदीमा बहाव बढ्ने र केहिमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, बागमती प्रदेशको दोलखा, सिन्धुली,मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहूँ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा,नवलपुर, प्रदेश ५ को पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान,दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदुरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, बैतडी र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारका केहि स्थानमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने केही स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ।

### पूर्वानुमान भोलि: असोज-०७ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने, नारायणी ,कर्णाली र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तर सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। नारायणीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला, बागमतीमा बहाव केहि बढ्ने, पश्चिम राप्ती, बबई नदीमा बहाब उल्लेख्य बढ्ने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। तर तिनाउ, बाणगंगा,पश्चिम राप्ती, बबईका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश १, २ र सुदुरपश्चिमको तराईका जिल्लाहरू, गण्डकी र प्रदेश ५ को मध्यपहाडी, चुरे र तराईको भू-भाग भई बहने केहि स-साना नदीमा बहाव बढ्ने तथा केहिमा आकस्मिक बहाव भई केहिमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।

### पूर्वानुमान पर्सी : असोज-०८ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। कोशी , नारायणी र यसका केहि साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, तिनाउ, बाणगंगा र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तर सतर्कता तलै हुने। कन्काई, कमला, बागमती,तिनाउ,बाणगंगाका केहि साना सहायक नदीमा केहि आकस्मिक बहाव भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी प्रदेश १ र प्रदेश २ का तराईका जिल्ला, बागमती, गण्डकी र प्रदेश ५ को मध्यपहाडी चुरे र तराई भई बहने बहने स-साना नदीमा बहाव बढ्ने र केहिमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन कन्काई, कोशी, कमला, बागमती, नारायणी, तिनाउ, बांगंगा, पश्चिम राप्ती, बबई र कर्णालीका सहायक नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहूँ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा,नवलपुर, प्रदेश ५ को पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारका केहि स्थानमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब बढ्ने केही स-साना नदीमा आकस्मिक बहावको संभावना रहेकोले तटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।
- **आज असोज ६ गते रातीबाट देशका सबै नदीमा बहाव बढ्ने र असोज ७ ,८ ,९ र १० गते देशैभरका नदीमा बहाव उच्च हुने (सतर्कता तलै हुने भएपनि सामान्य अबस्थाबाट एक्कासी बढ्ने) पूर्वानुमान रहेकोले असोज ११ गते सम्म नदीतटिय क्षेत्रका कृयाकलाप नगर्न वा गर्नुपरेमा अति उच्च सतर्कता अपनाउन हुन अनुरोध छ।**

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

**नोट:** पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जल तथा मौसम विज्ञान विभाग**
मौसम पूर्वानुमान महाशाखा
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०६-०५ बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
हाल उत्तरपूर्व बंगालको खाडीमा न्युन चापीय क्षेत्र रहेको छ साथै मनसुनको न्युन चापीय रेखा पश्चिम तर्फ नेपालमा रहेको छ र पूर्वतर्फ नेपाल भन्दा दक्षिण तर्फ अवस्थित छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल देशभर सामान्य बदली रहेको छ भने प्रदेश १,२ का केहि स्थानहरूमा पूर्ण बदली रहि थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षा भईरहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**
**असोज ५ गते (सोमबार)**
**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २ का केहि स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ । ।

**राती :** देशभर सामान्यतया बदली रही केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केहि स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ ।

**असोज ६ गते (मंगलबार)**
**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केहिं स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्यतया बदली रही केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका केहि स्थानमा भारी वर्षा र प्रदेश नं १ का १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केहि स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ ।

**असोज ७ गते (बुधबार)**
**दिउँसो :** देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केहिं स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्यतया बदली रही धेरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना र केहि स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णालि प्रदेश र सुदुर पश्चिम प्रदेशका १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५, कर्णालि प्रदेश र सुदुर पश्चिम प्रदेशका केहि स्थानहरुमा हावाहुरिको सम्भावना रहेको छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*

6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।